# बराहक्षेत्र नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

चकघट्टी, सुनसरी
कोशी प्रदेश, नेपाल


पत्र संख्या: ०८०/८१ ( प्रशासन शाखा )
च. नं:

मिति: २०८०।१०।२२
ने.सं.: ११४४ पोहेलागा, १० सोमवार

**बिषय : सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना ।**
(प्रथम पटक प्रकाशित मिति : २०८०।१०।२२ गते)

रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६ बमोजिम बराहक्षेत्र नगरपालिकामा रोजगार संयोजक पदका लागि खुल्ला प्रतिस्पर्धाबाट सेवा करारमा कर्मचारी पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिमको योग्यता पुगेका ईच्छुक नेपाली नागरिकले प्रथम पटक सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ । दरखास्त फारामको लागि कार्यालयको वेभसाइटबाट अनूसूची १ र २ डाउनलोड गर्न सकिनेछ । साथै परिक्षाको पाठ्यक्रम यसै कार्यालयको वेभसाइटमा राखिएको छ ।

| बिज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|
| ०१।०८०-८१ | रोजगार संयोजक | अधिकृत छैटौं | १ (एक) |

**१) आवश्यक न्यूनतम योग्यता :**
क) मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्नातक तह वा सो सरह उत्तिर्ण गरेको ।
ख) दरखास्त दिने मितिमा २१ वर्ष पुरा भई ४५ ननाघेको ।
ग) भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै कारवाही नभएको ।
घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको ।
**२) करार अवधि :** २०८१ आषाढ मसान्तसम्म ।
**३) तलब :** नेपाल सरकारको नियमानुसार ।
**४) आवश्यक कागजातहरु :**
क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि १ प्रति
ख) पासपोर्ट साइजको फोटो २ प्रति
ग) शैक्षिक योग्यताको प्रमाण पत्रहरुको प्रतिलिपि १/१ प्रति
घ) कार्यानुभव र तालिम भए सोको प्रमाणपत्रको १/१ प्रति
**५) आवेदन दस्तुर :** रु. १०००।– (एक हजार मात्र)
**६) परिक्षाको किसिम :** लिखित र कम्प्युटर सिप परिक्षण
**७) प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन :** पछि सूचना प्रकाशन गरिने छ ।
**८) परिक्षा मिति र स्थान :** पछि सूचना प्रकाशन गरिने छ ।

अन्य कुराहरु रोजगार संयोजकको पदपूर्ति र सेवा सम्बन्धी मापदण्ड, २०७६ बमोजिम हुनेछ र थप जानकारीका लागि कार्यालयमा सम्पर्क राख्नुहुन अनुरोध छ ।

देवेन्द्र बहादुर मल्ल
प्रमुख प्रशासकीय अधिकृत

देवेन्द्र बहादुर मल्ल
प्रमुख प्रशासकीय अधिकृत